# वीउ वीजन तथा प्लाष्टिक टनेल अनुदान कार्यविधि, २०७७

नगर कार्यपालिकाको बैठकबाट पारित मिति : २०७७/०९/१२

भूमिकास्थान नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

नुवाकोट, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

# वीउ वीजन तथा प्लाष्टिक टनेल अनुदान कार्यविधि, २०७७

**१. प्रस्तावना :**

भूमिकास्थान नगरपालिकाभित्र न्यून आय भएका कृषकहरुलाई व्यवसायिक र प्रतिष्पर्धी बनाई उनीहरुको आयआर्जन वृद्धि गरी स्वाबलम्बी बनाउने उद्देश्यले भूमिकास्थान नगरपालिकाको प्रशासकीय कार्यविधि नियमन गर्ने ऐन, २०७५ बमोजिम यो कार्यविधि पारित गरि लागु गरिएको छ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरपालिका" भन्नाले भूमिकास्थान नगरपालिकालाई सम्झनुपर्छ ।

(ख) "नगर प्रमुख" भन्नाले भूमिकास्थान नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(ग) "नगर उपप्रमुख" भन्नाले भूमिकास्थान नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भूमिकास्थान नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ङ) "वडा" भन्नाले भूमिकास्थान नगरपालिकाको सबै वडाहरुलाई सम्झनु पर्दछ ।

(च) "वीउ वीजन" भन्नाले तरकारीको वीउ बीजनलाई सम्झनु पर्दछ ।

(छ) "प्लाष्टिक टनेल" भन्नाले ९० न्क को ग्व (गतिचबखष्यभित) सिल्पोलिन प्लाष्टिकबाट निर्मित टनेललाई सम्झनु पर्दछ ।

(ज) "कृषि औजार उपकरण" भन्नाले हलो, कोदालो, कुटो, स्प्रेयर, सिकेचर, तराजु, थोपा सिंचाइ कार्यमा प्रयोग हुने अन्य औजार समेतलाई सम्झनु पर्दछ ।

**३. टनेल घर सम्वन्धि मापदण्ड :**

क) प्लाष्टिक टनेल घर १० मिटर लम्बाई र ६ मीटर चौडाइको हुनुपर्नेछ ।

ख) टनेल निर्माणको लागि टनेल घरको धुरीको खाँवा ३ वटा कम्तिमा ३ मिटरको हुनेछ जसमध्ये ५० से.मि.माटो मुनि गाडिएको हुनुपर्नेछ ।

ग) बलेसीको खाँवा दुबै तर्फ ३/३ गरी ६ वटा कम्तिमा २.५ मिटरको हुनुपर्नेछ । जसमध्ये ५० से.मि.माटोमुनि गाडिएको हुनुपर्नेछ ।

घ) भाटा वा डाँडा कम्तिमा १० वटा भएको हुनुपर्नेछ ।

ङ) टनेल घरमा ३ वटा सिधा वला प्रयोग गर्नुपर्नेछ ।

च) टनेल घर निर्माण गर्दा वाँस वा अन्य उपयुक्त काठ प्रयोग गर्नुपर्नेछ ।

**४. नगरपालिकाले प्लाष्टिक अनुदानमा उलब्ध गराउने विधि :**

(क) भूमिकास्थान नगरपालिकाले टनेल घरसम्बन्धी तोकिएको ढाँचामा १५ दिने सूचना प्रकाशन गर्नेछ ।

(ख) लाभग्राहीले प्लाष्टिक तथा तरकारीको वीउ अनुदान प्राप्त गर्न वडाको सिफारिससहित तोकिए बमोजिमका कागजात सहित निवेदन पेश गर्नुपर्नेछ ।

(ग) आवेदन दिने र कार्यक्रमसम्बन्धी सहजिकरण गर्ने काम सम्बन्धित कृषि तथा पशु प्राविधिकले गर्नुपर्नेछ ।

(घ) सिफारिससहित आएका आवेदनहरु स्वीकृत भई लाभग्राहीबाट टनेल घर निर्माण भएपश्चात स्थलगत अनुगमनको आधारमा नगरपालिकाले आय आर्जन सम्बन्धी कार्यविधि, २०७७ बमोजिम टनेल उपलब्ध गराउनु पर्ने छ ।

(ङ) आवेदक कृषकहरु विपन्न दलित, आयस्तर न्यून भएका घरमा कुनै सदस्यपनि रोजगार नभएका घरपरिवारका यूवा कृषकलाई पहिलो प्राथमकिता दिनु पर्नेछ ।

(च) अनुगमन गर्दा टनेलघर सम्पन्न नभएको पाइएमा टनेल वितरण गर्नु हुँदैन ।

(छ) टनेल अनुदानमा वितरण गर्दा एकाघर परिवारलाई बढीमा २ (दुई) वटा मात्र उपलब्ध गराउनु पर्नेछ । तर लाभग्राहीले लाभ लिईसकेपछि अनुदानका लागि ब्यबस्थापन भएका टनेलहरु बचत भएमा प्राथमिकताको आधारमा अन्य लाभग्राहीहरुलाई वितरण गर्नुपर्नेछ ।

(ज) टनेलको लागि तोकिएकोमापदण्ड अनुसार आवश्यक उपयुक्त जग्गा, बाँस तथा काठ, मल, पानी, कामदार आदि कृषक स्वयमले व्यवस्थापन गर्नुपर्नेछ ।

(झ) प्लाष्टिक टनेल घर निर्माण सम्पन्न भईसकेपछि लाभग्राहीले अनिवार्य रुपमा तरकारी खेती गर्नु पर्नेछ ।

(ञ) उत्पादित तरकारीको वजारीकरण कृषक स्वयले गर्नुपर्नेछ ।

५. यस कार्यविधिमा भएका ब्यबस्थाहरु यसैबमोजिम र अन्यको हकमा मुख्यमन्त्री ग्रामीण विकास रोजगार कार्यक्रम कार्यविधि, २०७५ र आय आर्जन अभिबृद्धि सम्बन्धी कार्यक्रम, २०७७ र प्रचलित ऐन कानुन बमोजिम हुनेछन् ।

**६. वाधा अड्काउ फुकाउने**

यस कार्यविधी कार्यान्वयनमा कुनै वाधा अड्काउ परे नगर कार्यपालिकाले निर्णय गरी वाधा अड्काउ फुकाउन सक्नेछ ।

**७. परिमार्जन तथा संशोधन :**

कार्यविधीलाई आवश्यकताअनुसार नगर कार्यापालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।